# विद्यालयिय शिक्षामा छात्राहरूको सहभागिताको अवस्था

दिपक खनाल


**सार**

*राष्ट्रको सर्वाङ्गीण विकासको लागि शिक्षाको विकास हुनु पर्दछ। त्यसमा पनि महिला शिक्षा आजको टड्कारो आवश्यकता हुन पुगेको छ। जबसम्म महिला शिक्षित हुँदैनन् तब सम्म कुनै पनि घर, परिवार, समाज एवम् राष्ट्रको विकास हुन सक्दैन। सुर्खेत उपत्यका भौगोलिक, प्रशासनिक यातायात, सञ्चार आदि कुराहरूबाट सुविधा सम्पन्न हुँदा हुँदै पनि शैक्षिक तथ्याङ्कहरू अवलोकन गर्दा सङ्ख्यात्मक रूपले पुरूषको तुलनामा महिलाहरू धेरै भए पनि विद्यालय शिक्षामा छात्राहरूको सहभागितामा कमी भएको पाइएकोले उक्त समस्याको खोजी गरी विद्यालय तहमा छात्रा सहभागिता वृद्धि गर्ने उपायहरू पत्ता लगाउने उद्देश्यका साथ लाटीकोइली स्रोतकेन्द्र अन्तरगतका विद्यालयमा केन्द्रित रहेर अध्ययन गरिएको थियो। प्रस्तुत लेख त्यसै अध्ययनको सङ्क्षिप्त रूप हो। जसमा विद्यालय तहमा अध्ययनरत बाल बालिकाहरूको विद्यालय तहमा सहभागितामा कमी हुनका कारण खोजी गरी संक्षिप्त सहभागिता वृद्धि गर्ने उपायहरू प्रस्तुत गर्ने प्रयास गरिएको छ।*


**प्रमुख शब्दहरू :** महिला शिक्षा, छात्रा सहभागिता, राष्ट्र विकास, अशिक्षा, गरिबी

## पृष्ठभूमि

शिक्षा विकासको पूर्वाधार हो। जसको अभावमा विकासका अन्य पूर्वाधारहरूको विकास असम्भव हुन्छ। शिक्षाको विकास एवम् विस्तार गर्न सके मात्र मानवीय विकास सम्भव हुन्छ। नेपाल जस्तो विकासोन्मुख मुलुकमा अशिक्षा, गरिबी, अन्धविश्वास, रूढीवादी परम्परा, जनचेतनाको अभाव, आदिको कारण शिक्षा देशको प्रत्येक कुना काप्चासम्म अँझै पनि पुग्न सकिरहेको छैन।

सम्पूर्ण प्राणीहरूमध्ये मानव जाति, सर्वश्रेष्ठ र चेतनशील प्राणी भएकाले पुरूष र महिला मध्ये कुनै एकको अनुपस्थितिमा मानवअस्तित्व नै असम्भव हुने हुन्छ। त्यसकारण शिक्षामा पनि महिला र पुरूष दुवैलाई समान अवसर दिनु पर्दछ। शिक्षित आमाले मात्र अफ्ना सन्ततिको उचित पालन पोषण र शिक्षादीक्षा दिन सक्छिन्। आजको २१ औं शताब्दीमा पनि हाम्रो देशमा महिला र पुरूषलाई हेर्ने दृष्टिकोण समान छैन। पुरूष प्रधान देश भएकोले पुरूषलाई सर्वश्रेष्ठ मान्ने चलन अझै कायम छ तर पुरूषले गर्ने जुनसुकै काम पनि महिलाले गर्न सक्छिन् भन्ने कुरा फ्लोरेन्स नाइटिङ्गेल, मदरटेरेसा, म्याडम क्युरी, भृकुटी, पारिजात जस्ता महिलाहरूले विभिन्न रचनात्मक एवम् वैज्ञानिक कामहरू गरेर पुष्टि गरेका छन् (सुवेदी, २०६१)। त्यसैले महिला आफैमा कमजोर भएको होइन कमजोर बन्न बाध्य बनाइएको हो।

शिक्षाको सुरुवात युगान्डा र एथेन्सबाट भएको पाइन्छ, जहाँ छात्र र छात्राहरूलाई अलग अलग कुस्ती र मुक्का खेल्न लगाइन्थ्यो, जसमा निपूण हुने व्यक्ति प्रथम मानिन्थ्यो। समय र परिवेशसँगै त्यो शिक्षा गुरुकुल, ऋषिकुल र देवकुल शिक्षामा परिवर्तन हुँदै गयो। जसमा छात्रहरूले मात्र अवसर प्राप्त गरे भने छात्राहरूले प्राप्त गर्न सकेनन्।

हाल आएर नेपालमा औपचारिक शिक्षाको रूपमा थुप्रै विद्यालयहरू सञ्चालनमा रहेका छन्। अनौपचारिक शिक्षाको रूपमा समेत थुप्रै विकल्पहरू खुला गरिएका छन्। अनिवार्य र सर्वसुलभ शिक्षा समेत संचालित छन् राज्यले छात्रवृत्ति एवम् निशुल्क शिक्षाको समेत व्यवस्था गरेको छ। नेपालको अन्तरिम संविधान २०६३ ले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ। यति हुदाँहुँदै पनि छात्राहरू सबै विद्यालयमा किन सहभागी हुन सकेका छैनन् ? छात्रा सहभागिता कम हुनुका कारणहरू के-के हुन् ? छात्राहरूलाई विद्यालय जानबाट के ले रोक्यो ? केले तर्सायो ? उनीहरूका शैक्षिक चाहना के-के हुन् ? विध्न बाधाहरू के हुन ? किन उनीहरू पछि परे त ? आदि जिज्ञासाहरूको उत्तर यसमा खोज्ने प्रयास गरिएको छ।

## समस्याको कथन

विश्वमै पुरूषको दाँजोमा महिलाहरू अत्यधिक निरक्षर छन्। विश्वको दुई तिहाई महिला लेखपढ गर्नै सक्दैनन् भने दक्षिण एशियाको तिन भागमा दुई भाग महिला निरक्षर छन् (शैक्षिक झलक २०६०)। नेपालको सन्दर्भमा राज्यले

छात्रवृत्ति, पोशाक निःशुल्क शिक्षा, पाठ्यपुस्तक वितरण, खाजाको व्यवस्था अनिवार्य प्राथमिक शिक्षाको घोषणा आदिको व्यवस्था गरेता पनि माध्यमिक उमेर समूहका केही छात्राहरू शिक्षाबाट अझै पनि बञ्चित रहेको अवस्था विद्यमान छ । जसका लागि विभिन्न सङ्घ संस्थाहरूले धेरै पहल गरी रहेका भए पनि यसको समाधान अझै पनि हुन सकेको छैन ? अतः उक्त समस्यालाई जरैबाट निर्मूल गर्नका लागि यस अध्ययनलाई समस्याको रूपमा लिई समाधान गर्ने पहल गरिएको छ ।

### अध्ययनको औचित्य

नेपालको आधा भन्दा बढी जनसङ्ख्या ओगटेका महिलाहरू लगभग ५२ प्रतिशत मात्र साक्षर रहेका छन् (पुरी, २०६९) । अझै पनि नेपालका ६३ प्रतिशत महिलाहरू निरक्षर छन भने प्रा.वि. तहमा पढ्ने उमेरका ६० प्रतिशत बालिकाहरू विद्यालय जान सकिरहेका छैनन् (उपाध्याय, २०६०) । यसरी आजको अवस्थासम्म आइपुग्दासम्म क्षेत्रीय सदरमुकाममा अवस्थित यस सुर्खेत उपत्यकाको अवस्था समेत लगभग मिल्दो जुल्दो पाइएकोले यस अध्ययनबाट माध्यमिक तहका छात्राहरूको सहभागितामा वृद्धि हुनुका साथै छात्राहरू विद्यालय जान नसक्नुको कारणहरू थाहा पाउन सकिने, छात्राहरूले तह पुरा नगरी बिचैमा कक्षा छाड्ने कारणहरू पत्ता लगाउनुका साथै र त्यस्ता समस्या समाधानका उपायहरूको समेत खोजी गरिएको छ । जसले गर्दा महिला शिक्षामा चासो राख्ने सङ्घ संस्थाहरू सरकारी नीति निर्माणकर्ता योजनाकार, व्यवस्थापक लगायत शिक्षा क्षेत्रसँग सम्बन्धित सरोकारवाला सबैलाई सहगोग पुऱ्याउने हुँदा यसको औचित्य पुष्टि हुन्छ ।

### अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य माध्यमिक तहमा छात्रा सहभागिताको अवस्था पहिचान गर्नु, माध्यमिक तहमा छात्र र छात्राहरूको तुलनात्मक अध्ययन गर्नु, माध्यमिक तहमा छात्रा सहभागितामा कमि हुनुका कारणहरू खोजी गरी सहभागिता बढाउने उपायहरू समेत पत्ता लगाउने रहेको छ ।

### सम्बन्धित विषयको पुनरावलोकन

कुनै पनि अध्ययनलाई निष्कर्षमा पुऱ्याई पूर्णता दिनका लागि विभिन्न विद्वानहरूका विचारहरूको विश्लेषण गर्नु पर्दछ अर्थात् चिन्तकहरूको चिन्तनलाई मार्गदर्शनको रूपमा लिनु पर्दछ साथै सम्बन्धित र विषयको अध्ययनबाट मात्र टुङ्गोमा पुग्न सकिन्छ । यस अध्ययनलाई पूर्णता दिनका लागि अब्राहम मास्लोले प्रतिपादन गरेको उत्प्रेरणको सिद्धान्त र मेरी पार्कर फोलेटको मानवीय सम्बन्धको सिद्धान्तलाई प्रमुख मार्ग दर्शनको रूपमा लिइएको छ भने विभिन्न विद्वानहरूका लेख, रचना र विभिन्न प्रतिवेदनहरूको समेत समीक्षा अध्ययन गरिएको छ साथै नीति नियम विनियम प्रतिवेदनहरूसँग समेत तुलना गरी विश्लेषण गरिएको छ ।

### अध्ययन विधि

हरेक अध्ययनलाई निष्कर्षमा पुऱ्याउनको लागि निश्चित अध्ययन विधि अवलम्बन गर्नु पर्ने हुन्छ । अध्ययन विधिमा नै तथ्य जानकारीहरूको गुणस्तर निर्भर हुन्छ । उचित अध्ययन विधिको चयन र त्यसको सही प्रयोगले मात्र सही सूचनाहरू प्राप्त गर्न सकिन्छ र अध्ययनले पूर्णता प्राप्त गर्दछ ।

प्रस्तुत अध्ययन विद्यालयीय शिक्षामा छात्राहरूको सहभागिताको अवस्था हो । जसमा विभिन्न किसिमका अनुसन्धानात्मक प्रश्नहरू, अवलोकन फाराम, प्रश्नावली, अन्तरवार्ता, विद्यालय स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय एवम् क्षेत्रीय शिक्षा निर्देशनालयबाट प्राप्त भएका तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ भने विभिन्न विचारहरूलाई तथ्याङ्कीय रूपमा प्रस्तुत गर्दै तथ्याङ्कशास्त्रका विधिहरू अवलम्बन गरिएको छ। यस अध्ययनमा उद्देश्यमूलक नमूना छनौट विधिको अवलम्बन गरी सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षकशिक्षिका स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू अभिभावक एवम् विद्यार्थीहरूलाई तथ्याङ्क सङ्कलनको रूपमा लिइएको छ जसमा सङ्ख्यात्मक एवम् गुणात्मक अर्थात मिश्रित किसिमको अध्ययनको ढाँचा अवलम्बन गरिएको छ ।

### व्याख्या, विश्लेषण र प्रस्तुतीकरण

अध्ययनको क्रममा गरिएको सामग्री सङ्कलनका आधारमा गरिएको व्याख्या तथा विश्लेषणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### माध्यमिक तहमा छात्रा सहभागिताको अवस्था

सुर्खेत उपत्यकाको लाटीकोइली स्रोतकेन्द्र अन्तरगत उत्तरगङ्गा, लाटीकोइली र जर्बुटा गा.वि.स. अन्तरगतका ३१ वटा विद्यालय मध्ये जम्मा आठ ओटा माध्यमिक विद्यालयका छात्राहरूलाई केन्द्रविन्दुमा राखेर शैक्षिक सत्र २०६७, २०६८, र २०६९ गरी तीन वर्षको, तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ। जसलाई निम्नानुसारको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १ : माध्यमिक तहमा छात्रा भर्ना विवरण

| कक्षा | २०६७ | २०६८ | २०६९ |
|---|---|---|---|
| कक्षा ९ | ३४९ | २९५ | २२८ |
| कक्षा १० | २५९ | २२५ | २१८ |
| जम्मा | ६०८ | ५२० | ४४६ |

विद्यालय तथ्याङ्क विवरण (२०६७, २०६८ र २०६९)

उल्लेखित तालिकामा अध्ययन क्षेत्रका छात्राहरूको भर्नाको अवस्थलाई देखाइएको छ । जस अनुसार प्रत्येक वर्ष विद्यालयमा भर्ना दर बढ्नुको सट्टा घटिरहेको अवस्था छ । अर्थात २०६७ सालमा कक्षा ९ मा भर्ना भएका छात्राहरू २०६९ सम्म पुग्दा १२१ जना घटेको साथै कक्षा १० मा समेत ४१ जना घटेको देखिन्छ । यसरी सरकारले छात्राहरूको सहभागिता वृद्धि गर्न थुप्रै खर्च र प्रयास गरेता पनि त्यसको प्रत्यक्ष प्रभाव यस अध्ययन क्षेत्रमा परेको देखिदैन ।

२. दलित बालबालिकाहरूको अवस्था

दलित जाति सामाजिक, आर्थिक, धार्मिक, शैक्षिक, लगायतका हरेक क्षेत्रबाट समाजमा पछि परिरहेको अवस्था छ । अतः यिनीहरूलाई समेत विकासको मूल प्रवाहमा समाहित गर्नका लागि राज्यले थुप्रै लगानी गरिरहेको भए पनि दलित विद्यार्थीहरूको पहुँच शिक्षा क्षेत्रमा समेत अझै पर्न सकिरहेको छैन् । अध्ययन क्षेत्रका विद्यालयमा दलित विद्यार्थीको अवस्था निम्नानुसर छ ।

तालिका २ : दलित विद्यार्थी विवरण

| कक्षा | २०६७ | | २०६८ | | २०६९ | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| ९ | ६४ | ४९ | ६६ | ५२ | ७० | ५५ |
| १० | ५४ | ४७ | ५८ | ४८ | ६३ | ५१ |
| जम्मा | ११८ | ९६ | १३४ | १०० | १३३ | १०६ |

विद्यालय तथ्याङ्क विवरण (२०६७,२०६८ र २०६९)

उपर्युक्त तालिकाअनुसार दलित बालबालिकाहरूमा समेत छात्राहरूको तुलनामा प्रत्येक वर्ष छात्रहरूको सहभागिता बढी देखिन्छ । उपाध्याय (२०६०) ले भनेझैं दलित बालिकाहरूको छिटो विवाह हुनुका साथै घरको काममा बढी लगाइने भएकोले विद्यालयमा सहभागिताको अवस्था कम रहेको पाइन्छ । साथै मास्लोले व्यक्तिको आधारभूत आवश्यकता पुरा नभै अन्य आवश्यकतामा जान नसक्ने भनेझैं गरिबीका कारण पनि यस्तो अवस्था हुन गएको देखिन्छ ।

२. छात्राहरूले तह पूरा नगरी विद्यालय छाड्ने अवस्था

विभिन्न कारणले गर्दा प्रत्येक वर्ष भर्ना भएका छात्राहरू सबै अर्को वर्ष अर्को कक्षामा जान सकिरहेको देखिदैन । अध्ययन क्षेत्रमा छात्राहरूले विद्यालय छाड्ने अवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ :

तालिका ३ : छात्राहरूले विद्यालय छाड्ने अवस्था

| वर्ष | २०६७ | २०६८ | २०६९ |
|---|---|---|---|
| भर्ना | ३४९ | २९५ | २२८ |
| छाड्ने सङ्ख्या | २५ | २६ | ३१ |

विद्यालय तथ्याङ्क विवरण (२०६७,२०६८,२०६९)

उक्त तालिकालाई अध्ययन गर्दा प्रत्येक वर्ष बालिकाहरूले तह पूरा नगरी बीचैमा कक्षा छाड्ने गरेको प्रष्ट हुन्छ । साथै कक्षा छाड्ने दर अझै पनि बढ्ने क्रममा रहेको प्रष्टिन्छ ।

**माध्यमिक तहमा अध्ययनरत छात्र/छात्राहरूको तुलनात्मक अध्ययन**

लाटीकोइली स्रोतकेन्द्र अन्तरगत सञ्चालित ३१ वटा विद्यालय मध्ये आठ ओटा माध्यमिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूको विद्यालय भर्नाको अवस्थालाई निम्नानुसार को तालिकामा उल्लेख गरिएको छ :

तालिका ४ : छात्र/छात्राहरूको भर्ना सम्बन्धी विवरण

| कक्षा | २०६७ | | २०६८ | | २०६९ | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| ९ | ३४९ | २८५ | २९५ | २३५ | ३२८ | २७८ |
| १० | २६४ | २५९ | ३२५ | २८४ | २९५ | २१६ |
| जम्मा | ६१३ | ५४४ | ६२० | ५१९ | ६२३ | ४९४ |

विद्यालय तथ्याङ्क विवरण (२०६७,२०६८,२०६९)

उक्त तालिकालाई अध्ययन गर्दा प्रत्येक वर्ष र प्रत्येक कक्षामा छात्राहरूको भर्ना कम देखिन्छ भने २०६७ को तुलनामा २०६८ मा छात्राको भर्ना दर घटेता पनि २०६९ मा केही मात्रामा कक्षा ९ मा छात्राहरू बढेको देखिन्छ भने कक्षा १० मा २०६९ मा जाँदा पुनः घटेको अवस्था छ ।

**माध्यमिक तहमा छात्रा सहभागिता कमी हुने कारणहरू**

अध्ययन क्षेत्रका विभिन्न व्यक्ति तथा सङ्घ संस्थाहरूको विचारको आधारमा माध्यमिक तहको शिक्षामा छात्रा सहभागिता कम हुनुका मुख्य कारणहरू निम्नानुसार छन् :

१. सामाजिक कारण
छोरीलाई दासी र सतीको रूपमा हेर्ने सामाजिक परम्परा महिलाको विकासको तगारो बनेको छ । (उपाध्याय २०६०) । छोरीलाई अर्काको घरमा जाने जात हो भनेर विद्यालय नपठाउने, छिटो विवाह गरिदिने जस्ता सामाजिक चालचलन, रीतिरिवाज, धारणा, संस्कृति, संस्कार, आदिका कारण छात्रा सहभागिता कम भएको पाइयो ।
२. आर्थिक कारण
जुनसुकै क्षेत्रको विकासका लागि आर्थिक स्रोत मेरुदण्डको रूपमा उभिइरहेको हुन्छ । यस अध्ययन क्षेत्रम छात्रा सहभागितामा कमी हुने मुख्य कारण आर्थिक कमजोरी रहेको छ। छोरीको सङ्ख्या बढी हुने साथै साँझ बिहानको छाक टार्न समेत समस्या हुने हुँदा बीचैमा कक्षा छाड्ने जस्ता समस्या देखिए ।
३. जनचेतनाको अभाव
सामाजिक अन्धविश्वास, घरधन्दा, छिटो विवाह, छोरीले घरको काम गर्नुपर्ने, शिक्षाको महत्त्व बुझ्न नसक्ने र छिटो विवाह हुने जस्ता कारणले पनि छात्राहरूको सहभागितामा कमी आएको पाइयो ।
४. पारिवारिक कारण
परिवारको आर्थिक अवस्था, परिवारको आकार, अभिभावकको शैक्षिक स्थिति, पेसा आदिले समेत बालिकाहरूको शिक्षामा प्रत्यक्ष प्रभाव परेको देखियो ।
५. लैङ्गिक भेदभाव
छोरा र छोरीलाई समान व्यवहार नगर्ने अर्थात छोरालाई काखा र छोरीलाई पाखाको व्यवहारले गर्दा समेत छोरीहरू विद्यालयमा जन नसकेको पाइयो ।

**विद्यालयमा छात्रा सहभागिता वृद्धि गर्ने उपायहरू**

जबसम्म महिला शिक्षित हुँदैनन् तबसम्म त्यो ठाउँमा विकास सम्भव हुँदैन । त्यसकारण विकासका लागि महिला शिक्षा अपरिहार्य हुन्छ । विभिन्न प्रयासका बावजुद विद्यालयमा छात्रा सहभागिता बढ्न नसक्नु चुनौतीको विषय बन्यो । अतः विभिन्न पक्षबाट छात्रा सहभागिता वृद्धि गर्ने उपायहरू औंल्याइएको थियो जुन निम्नानुसार छन् :

१. छात्रवृत्तिलाई प्रभावकारी बनाइनुपर्ने
२. निश्चित तह उत्तीर्ण महिलालाई रोजगारीको व्यवस्था गरिनुपर्ने
३. पेसा व्यवसाय गर्न महिलालाई ऋणको व्यवस्था गरिनुपर्ने
४. महिलालाई सशक्तिकारण गर्न सक्ने सङ्ख्यात्मक साथै गुणात्मक शिक्षामा जोड दिनु पर्ने
५. निजामति सेवामा महिलाको निश्चित कोटाको आरक्षण गरिनु पर्ने
६. दुई भन्दा बढी सन्तान नपाउने कानुनी बन्देज लगाउनु पर्ने
७. महिला शिक्षकहरूलाई सकभर आफ्नो घरपायक पर्ने विद्यालयमा नियुक्त गरिनु पर्ने
८. केटीहरूलाई २० वर्ष नपुग्दै विवाह गरिदिने प्रचलनको अन्त्य गरिनु पर्ने ।
९. शिक्षामा सामाजिक न्यायको सिद्धान्त अवलम्बन गरिनु पर्ने ।

**निष्कर्ष**

महिला र पुरूष दुवैको समान सहभागिताबाट मात्रै शिक्षामा दक्षता र प्रभावकारिता बढ्छ भन्ने मान्यता पाइएन । फोलेटको मानव सम्बन्ध सिद्धान्त अनुसार सामूहिक भावनाबाट नै अत्यधिक सफलता हाँसिल हुन सक्छ । आधारभूत आवश्यकता अर्थात् गास, बास र कपासको आवश्यकता पूरा नभएकाले शिक्षामा सहभागिता कम भएको पाइयो । दलित छात्राहरूको शिक्षामा सहभागिता न्यून पाइयो । तसर्थ पाउलो फ्रेरेले भनेजस्तै उत्पीडितहरूका लागि उपयोगी र सुलभ हुने खालको शिक्षाले मात्र जीवनस्तरमा परिवर्तन ल्याउन सक्छ । तसर्थ आर्थिक एवम् सामाजिक सुधारको लागि महिला शिक्षालाई व्यापक बनाउनु आवश्यक देखिन्छ । गरिबी, चेतनाको कमी, छोरीलाई हेर्ने नकारात्मक दृष्टिकोण, सानै उमेरमा विवाह हुनु जस्ता कारणले गर्दा छात्राहरूले कक्षा छाड्ने गरेकोले उक्त समस्या समाधान गर्न तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ । महिलाहरू शिक्षित भएमा मात्र देशको विकास हुन सक्छ भन्ने कुरालाई मध्यनजर गर्दै छात्राहरूको शिक्षामा पहुँच बढाउनका लागि सम्बन्धित शिक्षा विकासको जिम्मेवारी बोकेको स्थानीय निकाय, जिल्ला शिक्षा कार्यालय, शिक्षा मन्त्रालय, विद्यालय एवम्, समुदायले आफ्ना विगतका कार्यहरूमाथि समीक्षा गरी नयाँ कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखिन्छ ।

*लेखक परिचय*

*श्री खनाल विगत ८ वर्ष देखि सुर्खेत क्याम्पस (शिक्षा) मा प्राध्यापनरत हुनुहुन्छ । उहाँ स्नातकोत्तर तह शैक्षिक योजना तथा व्यवस्थापन विभागको विभागीय प्रमुख हुनुहुन्छ । अध्ययन र अनुसन्धानमा विशेष चासो दिने उहाँका करिब आधा दर्जन लेखहरू प्रकाशित भएका छन् ।*

**सन्दर्भ सूची**


अधिकारी नवराज (२०६१) बालिकाहरू अझै पनि किन पछाडी परेका छन् ? वर्ष २ अंक ७ भाद्र काठमाडौं: *अन्तराष्ट्रिय शैक्षिक मञ्च*।

उपाध्याय, जागेश्वर (२०६०) *दैलेख जिल्लामा माध्यमिक तहको विद्यालयमा छात्रा सहभागिता,* अप्रकाशित शोधपत्र सुर्खेतः सुर्खेत क्याम्पस (शिक्षा) ।

कोइराला, विद्यानाथ र आचार्य सुशन (२०६१) *सामाजिक न्यायको सेरोफेरोमा शिक्षा* काठमाडौं: स्टुडेन्टस बुक्स ।

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०५६) *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार* कठमाण्डौं: विद्यार्थी पुस्तक भण्डार ।

खनाल, दिपक (२०६२) *सुर्खेत उपत्यकाका मध्यमिक तहको शिक्षामा छात्रा सहभागिता,* अप्रकाशित शोधपत्र सुर्खेतः सुर्खेत क्याम्पस (शिक्षा) ।

खनाल, पेशल (२०६०) *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं: क्षितिज प्रकाशन ।

पुरी, शान्ता (२०६९) *माध्यमिक तहको शिक्षामा छात्रा सहभागिता,* अप्रकाशित शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

सुवेदी, मिना (२०६१) "महिला स्वतन्त्रताको चाड तीज" *युवामञ्च,* काठमाडौं: वर्ष १७ अंक ३ भाद्र, गोरखापत्र संस्थान ।